# महान्यायाधिवक्ताको कार्यालयको सूचना

नेपालको संविधानको धारा १५८(२) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ (१)(ख) बमोजिम नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ता वा निजको मातहतको सरकारी वकीलबाट मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई बहस पैरवी गर्ने व्यवस्था रहेको छ।

नेपाल सरकारले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (२) बमोजिम काठमाडौं उपत्यका मुकाम रहने गरी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्रका उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिमका देहायमा उल्लेखित मुद्दाहरुको कारवाही तथा किनारा गर्ने क्षेत्राधिकार सहित उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिमको उपभोक्ता अदालत गठन गरी मिति २०८१/१२/०३ देखि कार्य प्रारम्भ भैसकेको, उपभोक्ता अदालतबाट कारबाही र किनारा हुने मुद्दाहरु विशेष प्रकृतिका हुने र अदालतको मुकाम काठमाडौं उपत्यकाभित्रै रहने भएकाले उपभोक्ता अदालतमा वादी नेपाल सरकारका तर्फबाट बहस पैरवी प्रतिरक्षा गर्ने मिति २०८१/१२/०३ को निर्णयानुसार विशेष सरकारी वकील कार्यालय, काठमाडौंका सरकारी वकीललाई तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रेस विज्ञप्ती जारी गरिएको छ।

## उपभोक्ता अदालतबाट कारवाही तथा किनारा हुने मुद्दाहरु

- उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता वा सेवा प्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लङ्घन हुने काम गरेमा,
- देहाय बमोजिमका अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएको मुद्दाहरु:
  - ➢ झुठा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु बिक्री गर्ने,
  - ➢ कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाई बिक्री गर्ने, पुर्ननिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई विक्री गर्ने, घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुठा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने, तथ्यगत आधार बिना कुनै वस्तुको उपभोग वा प्रयोगबाट त्यस्तो वस्तुको दावी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने,
  - ➢ कुनै वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गर्ने वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,
  - ➢ कुनै वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा नि:शुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

CS CamScanner

- कुनै वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पु-याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,
- त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,
- कुनै वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन वा पैठारी गर्ने वा त्यस्तो वस्तुको बिक्री गर्ने,
- उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,
- व्यवसायिक सेवा प्रदायकले सेवाको मूल्य, गुणस्तर, सेवा उपलब्ध गराउने स्थान र समय उल्लेख नगरी सेवा प्रदान गर्ने,
- कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,
- कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

- माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने देहायका काम गरे वा गराएका मुद्दाहरुः
  - कसैले कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरणमा लागेको लागत र तोकिए बमोजिम भन्दा बढी मुनाफा लिई बिक्री वितरण वा ढुवानी वा बिक्री वितरणमा अवरोध गर्नु,
    कुनै वस्तुको उत्पादनका लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गर्ने वा कुनै वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने,
- उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम कारबाही गरे गराएका मुद्दाहरु ।

महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाण्डौ ।
मिति २०८१ चैत्र ५ गते

CamScanner